# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं ज्येष्ठ १३ गते ०९ साल

## भाग २

## अर्थमन्त्रालयको सूचना

( हवाई ग्राउन्डमा माल छुटाउने नियम )

(१) प्लेन ग्राउन्डमा उत्रेपछि छोटी भन्सारका कर्मचारीहरू गै माल भारीहरू यता उता हुन नपाउने गरी लगत गरी जाँची महसूल ली भन्सार पास भन्ने लेबुल लेखी त्यसमा अड्डाको छाप लगाई सो लेबुल टाँसी मालधनीहरूलाई बुझाई दिनू ।

(२) प्लेनभित्र चेक गर्दा नजाँचिएको माल कसैले लगी राखेको रहेछ भने त्यस्तो माल जफत गर्नू ।

(३ निकासी हुने मालमा जाँची सकेपछि भन्सारपास भन्ने अड्डाको छाप लागेको लेबुल टांसी दिनेगर्नु , त्यस्तो लेबुल नलागेको माल प्लेनमा लोड नगर्नू ।

(४) बहुमूल्य मालहरू र धेरै माल ल्याएमा गोस्वारा भंसार लगेर खोल्ने गर्नु गौचरमा भ्याए जत्ति सोही ठाउँमा खोल्ने गर्न ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मान्य हुनेछ।